# लैङ्गिक हिंसा सम्बोधन गर्न स्थानीय तहको संस्थागत संरचनाहरूको सुदृढीकरण:

## नितिगत प्रावधानको समिक्षा पत्र



**प्रकाशन :** मंसिर, २०८१

**प्रेस :** पेन्टाग्राम प्रा.ली., मानभवन, ललितपुर

*यस प्रकाशनलाई महिला अधिकारका लागि राष्ट्रिय अभियान र हिमाल इनोभेटिभ डेभलपमेन्ट एन्ड रिसर्च प्राइभेट लिमिटेडसँगको संयुक्त सहकार्यमा एक्सनएड इन्टरनेशनल नेपालको आर्थिक र प्राविधिक सहयोगमा प्रकाशन गरिएको हो ।*

# विषयसूची


१. लैङ्गिक हिंसा के हो ? १

२. लैङ्गिक हिंसाको कारण र असमानताको स्थिति २

३. महिला बिरूद्धको लैङ्गिक हिंसाको अवस्था ४

४. महिला बिरूद्धको लैङ्गिक हिंसा र नेपालका सरकारको प्रतिवद्धता ५

५. लैङ्गिक हिंसा सम्बोधनसित सम्बन्धित कानुन कार्यान्वयन गर्ने संस्थागत संरचनाहरू ८

५.१ संघमा रहेका र व्यवस्थापन गर्नुपर्ने लैङ्गिक हिंसासँग सम्बन्धित संरचना ८

५.२ प्रदेश सरकारमा विद्यमान र व्यवस्थापन गर्नुपर्ने लैङ्गिक हिंसासँग सम्बन्धित संरचना ९

५.३ स्थानीय तहमा रहेका र व्यवस्थापन गर्नुपर्ने लैङ्गिक हिंसा सम्बोधनसित सम्बन्धित संस्थागत संरचना ९

६. लैङ्गिक हिंसा सम्बोधन गर्ने विशिष्टिकृत कोषहरूको उद्देश्य ११

७. स्थानीय तहमा कोषहरूको कार्यान्वयनको अवस्था र परिणाम ११

८. सुझावहरू १३

## यस पत्रको बारेमा

नेपालले महिला विरुद्धको लैङ्गिक हिंसा सम्बोधनका निमित्त संवैधानिक तथा कानुनी रूपमा उच्चतम प्रतिबद्धता जाहेर गरेको छ । कानुन कार्यान्वयनका निमित्त कार्ययोजनाहरू निर्माण गर्ने र केही हदसम्म स्रोत परिचालन गर्ने कार्यमा पनि नेपालले उपलब्धि हासिल गरेको छ । संघीय शासन व्यवस्था लागू भएपछि विभिन्न संघीय कानुनहरूले लैङ्गिक हिंसा सम्बोधनका लागि विभिन्न संस्थागत संरचना, मानव तथा आर्थिक स्रोतको व्यवस्थापन गरी लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूलाई प्रभावकारी सेवा प्रदान गर्ने जिम्मेवारी र भूमिका स्थानीय तहलाई दिएको छ । यसका लागि आफ्नो कानुनबमोजिम कतिपय संस्थागत संरचनाहरूको स्थापना र स्रोत व्यवस्थापन गर्ने जिम्मेवारी पनि स्थानीय तहको सरकारलाई दिएको छ । यस परिप्रेक्ष्यमा स्थानीय तहमा उल्लिखित संरचनाहरू स्थापना गर्न आवश्यक कानुनी तथा संस्थागत संरचना, स्रोत परिचालन गरी लैङ्गिक हिंसापीडित तथा प्रभावितहरूलाई न्यायमा पहुँच सुनिश्चितका लागि पैरवी कार्यमा स्थानीय तहमा क्रियाशील संघ-संस्था, नागरिक समाज, अधिकारकर्मी, दातृ निकाय तथा अन्य सरोकारवालाहरूलाई लक्षित गरी लैङ्गिक हिंसा सम्बोधन गर्न भएका वा बनेका नितिगत र कानूनी प्रावधानहरुको समिक्षा र सुझाव पत्र तयार गरिएको छ ।

यस पत्रको मुख्य उद्देश्य संघीय कानुनले दिएको अधिकारक्षेत्रभित्र रही लैङ्गिक हिंसा पीडित तथा प्रभावितका निमित्त स्थानीय तहलाई दिएको अधिकार, भूमिका र दायित्वको बारेमा स्पष्ट पारी कानुनले दिएको दायित्व बहन गर्नका निमित्त स्थानीय सरकारलाई जिम्मेवार बनाउन सहयोग गर्नु रहेको छ ।

यस पत्रमा लैङ्गिक हिंसा के हो, लैङ्गिक हिंसाको कारण, महिला विरुद्धको लैङ्गिक हिंसाको अवस्था, महिला विरुद्धको लैङ्गिक हिंसा र नेपालका सरकारको प्रतिबद्धता, लैङ्गिक हिंसा सम्बोधन गर्न नेपालका संघीय कानुनहरूले व्यवस्था गरेको कानुन कार्यान्वयन गर्ने संस्थागत संरचनाहरू, लैङ्गिक हिंसा सम्बोधन गर्ने विशिष्टिकृत कोषहरूको उद्देश्य, स्थानीय तहमा कोषहरूको कार्यान्वयनको अवस्था र परिणामका विषयलाई समेटिएको छ । साथै, लैङ्गिक हिंसा सम्बोधन तथा निवारणका निमित्त स्थानीय तहले गर्नुपर्ने आधारभूत विषयलाई ध्यानमा राखी सुझाव प्रस्तुत गर्नुका साथै स्रोत परिचालनको महत्वका बारेमा स्पष्ट गरिएको छ ।

# १. परिचय

लैङ्गिकताका कारण महिला बिरुद्ध हिंसा (पुरुषद्धारा) ज्यादा भएको र यसले महिलालाई वढी (असमान) ढङ्गले प्रभावित गर्दै आएको कारण "लैङ्गिक हिंसा" र "महिला विरुद्धको हिंसा" सम्बन्धी शब्दहरूलाई प्रायश: एक अर्काका पर्यायको रुपमा प्रयोग गर्दै आएको पाइन्छ। मूलत: संयुक्त राष्ट्रसंघले जारी गरेका विभिन्न दस्तावेजहरू लगायत युरोपियन काउन्सिलले महिला बिरुद्धको हिंसा र लैङ्गिक हिंसाको परिभाषा गरेको छ। महिला बिरुद्ध भेदभाव उन्मुलन समितिको सिफारिस नं १९ (१९९२) ले महिलालाई आफ्नो अधिकार र स्वतन्त्रता उपभोग गर्ने क्षमतामाथि गम्भिर रुपमा रोक लगाउने सबै प्रकारको भेदभावको स्वरुपलाई लैङ्गिक हिंसाको रुपमा परिभाषित गरेको थियो। संयुक्त राष्ट्रसंघको महिलाबिरुद्ध हुने हिंसा उन्मूलन सम्बन्धी घोषणापत्र, १९९३ को दफा १ ले नीजी तथा सार्वजनिक जीवनमा महिलालाई जर्बजस्ति वा स्वेच्छाचारी रुपमा उसको स्वतन्त्रताबाट वञ्चित गर्ने, शारीरिक, यौन तथा मनोवैज्ञानिक हानीनोक्शानी वा पीडा दिने कार्यहरू महिला बिरुद्धको हिंसा हुन् भनि परिभाषित गरेको छ। सोही घोषणापत्रको दफा २ ले महिला बिरुद्धको हिंसाको प्रकृतिलाई बृहत रूपमा प्रकाश पार्ने प्रयत्न गरेको छ, जुन देहायअनुसार छ :

- शारीरिक, यौनिक र मानसिक रूपमा परिवारभित्र हुने कुटपिट, घरभित्र हुने बालिकाको यौनदुरूपयोग वा दुर्व्यवहार, दाइजोसँग सम्बन्धित हिंसा, वैवाहिक बलात्कार, योनिच्छेदन जस्ता महिलाहरूलाई नोक्सानी पुऱ्याउने परम्परागत व्यवहारहरू, श्रीमती बाहेक घरपरिवारका अन्य सदस्यहरूलाई गरिने हिंसा र शोषण,
- शारीरिक, यौनिक र मानसिक रूपमा महिलाबिरुद्ध समुदायमा हुने हिंसाहरू जस्तैः बलात्कार, यौनदुर्व्यवहार, यौनदुरूपयोग, शिक्षण संस्था, काम गर्ने ठाउँ वा अरू सार्वजनिक ठाउँहरूमा धम्कि दिने (Intimidation) साथै महिलाहरूको बेचबिखन र जबर्जस्ती वेश्यावृत्तिमा लगाउने,
- घटना जहाँ घटे पनि राज्यद्वारा गरिएका शारीरिक, यौनिक र मनोवैज्ञानिक हिंसाहरू।

युरोपियन काउन्सिलले आत्मसात गरेको इस्तानवुल कन्भेन्सन, २०११ ले "लैङ्गिक हिंसा" भन्नाले लिङ्ग, लैङ्गिता, यौनिक अभिमुखीकरण तथा लैङ्गिक पहिचानको आधारमा कुनै पनि व्यक्ति वा मानिसहरूको समुहमाथि गरिने हानीलाई जनाउँदछ भनि परिभाषित गरेको पाइन्छ। महिला बिरुद्ध भेदभाव उन्मुलन समितिले समितिको सिफारिस नं १९ (१९९२) लाई परिमार्जित गर्दै सिफारिस नं. ३५ (२०१७) ले लैङ्गिक हिंसा भनेको महिला विरुद्ध भेदभावको एक स्वरुप हो जस्ले महिलालाई स्वतन्त्रता र अधिकारको उपभोग गर्नबाट वञ्चित गर्दछ भनि परिभाषित गरेको छ । त्यसैगरि, संयुक्त राष्ट्रसंघीय महिलाको स्थिति सम्बन्धी आयोगले निजी वा सार्वजनिक जीवनमा महिलामाथि हुने कुनै पनि प्रकारको लिङ्गमा आधारित हिंसा जसको परिणाम अथवा सम्भावित परिणाम शारीरिक, यौन र मनोवैज्ञानिक क्षति वा त्यस्ता प्रकारका कार्यहरू गर्ने डर, धाक, जबर्जस्ती वा स्वतन्त्रताबाट बञ्चित गराउने कार्यहरूलाई महिलाबिरुद्धको हिंसा को रुपमा परिभाषा गरेको छ ।

पछिल्लो चरणमा विकास भएको अर्न्तराष्ट्रिय कानूनी दस्तावेजहरूले महिला विरुद्ध हुने लैङ्गिक हिंसा भन्ने शब्दहरू प्रयोग गरेको पाइन्छ। विशेषगरी इस्तानवुल कन्भेन्सन्ले महिला विरुद्ध हुने लैङ्गिक हिंसा भन्नाले महिलालाई महिला भएकै कारण लक्षित गरिने वा महिला भएकै कारण उनलाई असमान रुपमा प्रभावित गर्ने कुनै पनि प्रकारको हिंसालाई जनाउँदछ भनि परिभाषित गरेको पाइन्छ।

समग्रमा, नीजि वा सार्वजनिक क्षेत्रमा कुनैपनि व्यक्तिलाई लिङ्गभेदको आधारमा गरिएको शारीरिक, मानसिक, यौनिकरुपले पीडा दिने वा पीडा पुऱ्याउने वा त्यस्ता कार्यहरू गर्नका लागि डर, धाक, धम्की जस्ता व्यवहारहरू गर्नु, वा ब्यक्तिको आधारभूत स्वतन्त्रता खण्डित गर्ने किसिमका कुनै पनि कार्य वा व्यवहारहरू हिंसा हो र त्यस्तो हिंसा महिला भएकै कारण महिलामाथि लक्षित गरेर गरिन्छ वा त्यस्तो हिंसा जसले महिलालाई बढी प्रभावित गर्दछ भने त्यो महिला बिरुद्धको लैङ्गिक हिंसा हो ।

## किन लैङ्गिक हिंसा गम्भिर समस्या हो ?

यो मानव अधिकारको गम्भिर उल्लङ्घन हो ।

लैङ्गिक हिंसा भेदभाव हो ।


लैङ्गिक हिंसा लैङ्गिक समानता हासिल गर्नका निमित्त वाधक तत्व हो ।

लैङ्गिक हिंसाको उजुरी कम हुन्छ, जसले दण्डहिनता सृजना गर्दछ ।

लैङ्गिक हिंसाको आर्थिक मुल्य अत्यन्त ठूलो रहेको छ ।

लैङ्गिक हिंसाले सबैलाई प्रभावित गर्दछ ।

## २. लैङ्गिक हिंसाको कारण र असमानताको स्थिति




लैङ्गिक हिंसाको “कारण” का वारेमा समान वुझाई र एकरुपता छैन । हिंसाको कारणका सम्बन्धमा तीनवटा मुलभूत वुझाईहरू देखिन्छः क) व्यक्तिलाई केन्द्रमा राखेर निर्धारित मान्यता, ख) पारिवारिक संरचना र पृष्ठभूमि तथा ग) असमान शक्ति संरचना । पछिल्लो चरणमा महिलावादी आन्दोलनले लैङ्गिक हिंसाको कारणको रूपमा पितृसत्ताले सृजना गरेको महिला, पुरूष र विविध लैङ्गिक पहिचान भएका व्यक्तिहरूवीचको असमान शक्ति सम्बन्ध र असमानतालाई हिंसाको मुलभूत कारणको रुपमा व्याख्या गरेको पाइन्छ । व्यक्तिको अवस्था, परिस्थिति, पारिवारिक संरचना आदि हिंसा गर्नलाई प्रेरित वा योगदान गर्ने तत्वहरू मात्र हुन्, ती आफै हिंसाका कारण होइनन् वक्की यो विभिन्न मानयता र मानसिकताको उपज हो । यस सम्बन्धमा संक्षिप्त चर्चा तल गरिएको छः

क) व्यक्तिलाई केन्द्रमा राखेर निर्धारित मान्यता: यस मान्यताले हिंसाको कारणको रूपमा व्यक्तिको स्वभाव, व्यवहार, व्यक्तिको आर्थिक, सामाजिक, शैक्षिक, व्यवसायिक वातावरण र पृष्ठभूमिलाई आधार मानेर व्याख्या गर्दछ, उदाहरणका लागि गरिबीको कारण आफ्नो जिम्मेवारी वहन गर्न नसकेर, कार्यक्षेत्रमा रहेको कार्यबोझ र शोषण, आफ्नो रीस, आवेग, कामवासना र भावनालाई आफ्नो वशमा राख्न नसकेका कारण, रक्सी लगायतका मादक पदार्थको सेवन आदि ।

ख) पारिवारिक संरचना र पृष्ठभूमिमा आधारित मान्यता: यस मान्यताले हिंसामा संलग्न व्यक्तिको परिवारको चरित्र, सामाजिक प्रवृत्तिले परिवारमा पारेको प्रभाव ईत्यादिलाई हिंसाको कारणको रुपमा व्याख्या गर्दछ । उदाहरणका लागि कुनै व्यक्ति हिंसामा संलग्न भएको पाइयो भने उसको परिवारमा उसको वावु वा अन्य कोही व्यक्ति पनि यस्तै थियो, उसको परिवारमा यस्तै हुँदैआएको, उसको परिवारका मान्छेको स्वभाव वा प्रवृत्तिनै यस्तै हो त्यसैले उसले पनि हिंसा गरेको भन्ने जस्ता धारणा यस मान्यताले राख्दछ ।

ग) असमान शक्ति संरचनामा आधारित मान्यता: यस मान्यताले समाजमा व्याप्त असमान शक्ति संरचना, असमान सामाजिक, राजनैतिक, आर्थिक ढाँचा नै हिंसाको जडको रुपमा व्याख्या गर्दछ । मूलत: महिला बिरुद्ध हुने लैङ्गिक हिंसाको कारण महिला र पुरुषवीचको असमान शक्ति संरचना र यसको अभिव्यक्ति हो भन्ने मान्यता राख्दछ । सिड सामान्य सुझाव नं. १९ तथा ३५, [1]युरोपियन काउन्सिल[2] लगायतले पनि यस मान्यतालाई आत्मसात गरेको पाइन्छ । खासगरिकन महिला बिरुद्धको हिंसाको कारण पितृसत्ताले विचार र प्रणालीको रुपमा स्थापित मान्यतानै हुन् । उदाहरणका लागि पितृसत्ताले हरेक क्षेत्र र तहमा पुरुषलाई केन्द्रमा राख्दछ र पुरुष उच्च हुन् भन्ने मान्यता वा विचार बोक्दछ । पुरुषको महत्वलाई दर्शाउँदै पुरुष माथिल्लो तहको हो भन्ने मान्यतालाई कायम राख्न पितृसत्ताले विभिन्न संरचना र प्रणालीको निर्माण गरेको छ /हुन्छ, । जस्तो: हरेक क्षेत्रमा पुरुषको प्रभुत्व, तहगत शक्ति संरचना इत्यादि । विचार र प्रणालीको रूपमा स्थापित यी मूल्य र मान्यताहरू महिलाको दैनिक जीवनमा शोषण, उत्पीडन, नियन्त्रण र विभेदको रूपमा अभिव्यक्त भइरहेका हुन्छन् ।[3] नेपाली समाजमा महिलामाथिको उत्पीडन वा हिंसाको कारणलाई हेर्ने हो भने पितृसत्ता र यसको अभिव्यक्तिका स्वरुपहरू जस्तो: शोषण, भेदभाव र नियन्त्रणलाई समग्रमा हेर्नुपर्ने हुन्छ, जसले महिला, पुरुष वाहेक विविध लैङ्गिक पहिचान भएका व्यक्तिहरूवीच असमान शक्ति सम्बन्धलाई निरन्तरता र पृष्ठपोषण गरिँदै आएको छ ।

निजी क्षेत्र अर्थात् घरभित्र बिना पारिश्रमिकको सेवामूलक कार्यको पहिचान नहुनु, त्यसलाई महिलाको काम भनी कम महत्व दिनु, महिलाको काम भनेको कमजोर बर्गले गर्ने सजिलो काम भनेर अवहेलना गर्नु, सार्वजनिक क्षेत्रमा महिलाको भूमिका र उपस्थिति रहेता पनि समान काममा पनि महिला र पुरुषबीच असमान ज्याला प्रदान गरिनु, कम ज्याला वा पारिश्रमिकमा काम लगाउनु, कतिपय अवस्थामा भूमिकाविहीन बनाइनु आदि शोषणका केही प्रकट स्वरुपहरू हुन् । त्यसै गरी, महिलालाई स्याहारसुसारजन्य परम्परागत काममा जोड दिनु, तिमीलाई निश्चित पेशा मात्र उपयुक्त हुन्छ भनि महिलाको सार्वजनिक क्षेत्रमा हुने संलग्नता र उत्पादकीय भुमिकामा संलग्न हुन निरुत्साहित गर्नु, रोक लगाउनु, सोको लागि उपयुक्त वातावरण नदिनु, महिलाको हिँडडुल गर्ने अधिकार कुण्ठित गर्नु, छोरा पाउन दवाव दिनु, बच्चा पाउन दवाव दिनु, महिलाको ईच्छा विना गर्भपतन गर्न वाध्य पार्नु, गर्भवती हुन दवाव दिने वा वाध्य पार्ने आदि महिलाको उत्पादकीय श्रम तथा यौनिकतामाथिको नियन्त्रणका उदाहरणहरू हुन् ।

1. General recommendation No. 35 on gender-based violence against women, updating general recommendation No. 19, https://www.ohchr.org/en/documents/general-comments-and-recommendations/general-recommendation-no-35-2017-gender-based, access on 6 December 2023
2. Causes of Violence, https://www.coe.int/en/web/gender-matters/what-causes-gender-based-violence, access on 6 December 2023.
3. Sultana, A. (2012). Patriarchy and Women's Subordination: A Theoretical Analysis. Arts Faculty Journal, 4, 1–18. https://doi.org/10.3329/afj.v4i0.12929, access on 13 June 2023

नेपालले सार्वजनिक नीति निर्माणको तहमा महिलाको उपस्थिति सुनिश्चित गर्ने सम्बन्धमा सकारात्मक उपलब्धि हासिल गरेता पनि स्रोत र साधनको उपभोग र नियन्त्रणमा महिलाले उलेख्य प्रगति हासिल गर्न सकेको अवस्था छैन। परिणामत: श्रोत तथा साधनमा महिलाको समान पहुँचको अभाव, विकासको प्रतिफल उपभोग गर्न महिला, पुरुष तथा विविध लैङ्गिक पहिचान भएका व्यक्तिहरूवीच रहेका र भएका विभेदका उदाहरणहरू हुन्। सहभागिताको सम्बन्धमा नेपालले उल्लेख्य उपलब्धी हासिल गरेको भएता पनि आर्थिक सहभागिता र अवसरमा नेपाल १४६ देशमध्ये ९८ औं स्थानमा, शिक्षामा १२५ औं र स्वास्थ्य क्षेत्रमा नेपाल १०९ औं स्थानमा रहेको देखिन्छ।[४] विश्व परिप्रेक्ष्यमा लैङ्गिक समानता हासिल गर्ने सन्दर्भमा नेपालको उपलब्धिलाई हेर्ने हो भने यो अत्यन्त सुस्त गतिमा अगाडि बढेको देखिन्छ। परिवार तथा समाजमा छोराको चाहना तथा प्राथमिकता रहेको विषयलाई वि. स २०७८ मा भएको राष्ट्रिय जनगणना प्रतिवेदनले छोरा र छोरीवीचको जनसंख्याको अनुपातमा देखिएको ठुलो खाडलले पुष्टि गरेको छ । विशेषगरी ० देखि १४ वर्षमुनिका बालबालिकाको जनसंख्या हेर्ने हो भने छोराको ५१.४ प्रतिशत रहेको छ भने छोरीको मात्र ४८.६ प्रतिशत देखिन्छ। यसको कारणका रुपमा लिङ्ग पहिचान गरी गर्भपतन गराउने र छोराछोरीको हेरचाहमा रहेको विभेदलाई मानेको देखिन्छ।[५]

## ३. महिला बिरुद्धको लैङ्गिक हिंसाको अवस्था

| **नेपाल जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण, २०२२ का अनुसार नेपालमा १२ महिनामा** | |
|---|---|
| १५ देखि ४९ बर्ष उमेर समूहका | २३ प्रतिशत महिलाले १५ वर्षदेखि घरेलु हिंसा (शारीरिक हिंसा) को अनुभव गरेका छन्। |
| | ११ प्रतिशत महिलाले शारीरिक हिंसाको अनुभव गरेका छन् भने त्यसमध्ये धेरैले आफ्नो लोग्ने/पूर्वलोग्ने/नजिकको साथीबाट हिंसा भोगेको पाइन्छ। |
| | ८ प्रतिशत महिलाले कुनै न कुनै रूपमा यौन हिंसा भोगेको पाइन्छ। |
| | ४ प्रतिशत महिलाले यौन हिंसा भोगको पाइन्छ। |
| | १७ प्रतिशत महिलाले लोग्ने/नजिकको साथीबाट हिंसा भोगको पाइन्छ। त्यसमध्ये ४ प्रतिशत महिलाले यौन हिंसा, १० प्रतिशतले भावनात्मक हिसा र १२ प्रतिशत महिलाले शारीरिक हिंसाको अनुभव गरेका छन। |

नेपाल प्रहरीमा परेको उजुरीको अवस्थालाई हेर्ने हो भने पनि हरेक वर्ष महिला हिंसा विरुद्ध उजुरी दिने कार्य बढेको देखिन्छ। यस सन्दर्भमा निम्न बमोजिमको नेपाल प्रहरीको तथ्याङ्क यहाँनेर सान्दर्भिक देखिन्छ:

4. Nepal Economic Forum, https://nepaleconomicforum.org/global-gender-gap-index-2022-assessing-nepals-progress/#:~:text=In%20the%20Gender%20Gap%20Index,and%20125%20in%20Educational%20Attainment, access on 16 June 2023

5. Behind births of fewer girls than boys https://kathmandupost.com/health/2023/04/02/behind-births-of-fewer-girls-than-boyshttps://kathmandupost.com/health/2023/04/02/behind-births-of-fewer-girls-than-boys

| साल | करणी | जबरजस्ती करणी | गर्भपतन | बहुबिबाह | बालबिबाह | घरेलु हिंसा | बोक्सीको आरोप |
|---|---|---|---|---|---|---|---|
| २०१८ | १४८० | ७२७ | १८ | ६०२ | ५९ | १२२२५ | ४८ |
| १८/१९ | २२३० | ७८६ | २७ | १००१ | ८६ | १४७७४ | ४६ |
| १९/२० | २१४४ | ६८७ | २९ | ७३४ | ६४ | ११७३८ | ३४ |
| २०/२१ | २५३२ | ७३५ | २७ | ८५२ | ८४ | १४२३२ | ६१ |
| २१/२२ | २३८० | ६५५ | ३७ | ८०९ | ५२ | १७००० | ४९ |

स्रोत: नेपाल प्रहरी: महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय,
https://cid.nepalpolice.gov.np/cid-wings/women-children-and-senior-citizen-service-directorate/

समयको परिवर्तनसँगै हिंसाको स्वरुपहरूमा पनि परिवर्तन हुँदैआएको देखिन्छ। महिला तथा बालिका बिरुद्ध डिजिटल माध्यमद्वारा भइरहेको हिंसाको बढ्दोक्रम यसको उदाहरण हो।

## ४. महिला बिरूद्धको लैङ्गिक हिंसा र नेपालका सरकारको प्रतिवद्धता

महिला बिरुद्धको लैङ्गिक हिंसालाई सम्बोधन गर्न नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा आफ्नो राजनीतिक प्रतिबद्धता व्यक्त गर्दैआएको पाइन्छ। यसलाई लैङ्गिक हिंसालाई सम्बोधन गर्न नेपाल सरकारको सकारात्मक प्रतिबद्धता र इच्छाशक्तिको रुपमा लिन सकिन्छ। उदाहरणको लागि नेपालले विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरू अनुमोदन गरी आफ्नो प्रतिबद्धता व्यक्त गरेको पाइन्छ। यस क्रममा नेपालले निम्न अन्तराष्ट्रिय सन्धि महासन्धिमा हस्ताक्षर गरेको छ

- महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९
- महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि ईच्छाधीन आलेख, १९९९
- बेश्यावृत्तिका लागि महिला र बालबालिकाको जीउमास्ने बेच्ने काम रोकथाम गर्ने र सो बिरूद्ध संघर्ष गर्ने सम्बन्धी सार्क महासन्धि, २००२
- दासत्व, दास ब्यापार र दासत्व समानका संस्था र अभ्यासहरूको उन्मूलन सम्बन्धी पूरक महासन्धि, १९५६
- मानव बेचविखन र अरूको बेश्यावृत्तिको शोषण रोकथाम गर्ने संयुक्त राष्ट्रसंघीय महासन्धि, २०००
- अन्तरदेशीय संगठित अपराध बिरूद्व संयुक्त राष्ट्रसंघीय महासन्धि, २०००
- बालबालिका बेचबिखन, बाल बेश्याबृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बाल अधिकार सम्बन्धी इच्छाधीन आलेख, २०००
- सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नता सम्बन्धी व्यवस्था भएको बाल अधिकार सम्बन्धी महासन्धिको ईच्छाधीन आलेख लगायत अन्य विभिन्न मानवअधिकार सम्बन्धी सन्धि महासन्धि, २०००

उल्लेखित मशासन्धिहरूमा हस्ताक्षर गर्नुका साथै नेपालले नियमित एवम् आवधिक रुपमा विश्वव्यापी आवधिक प्रतिवेदन, सिड आवधिक प्रतिवेदन, सिआरसी आवधिक प्रतिवेदन बुझाउँदै अन्तर्राष्ट्रिय तहमा मानव अधिकार, वाल अधिकार र महिला अधिकारको सम्बन्धमा आफ्नो दायित्व, जिम्मेवारी र जवाफदेहितालाई पनि दर्शाउँदै आएको पाईन्छ ।

लैङ्गिक हिंसा, जातीय भेदभाव जस्ता विषयलाई उन्मुलन गर्न नेपालको संविधानले महिलाहरूलाई हिंसामुक्त भएर बाँच्न पाउने अधिकार सुनिश्चित गरेको छ। **संविधानले समानताको हक (धारा १८) शोषण बिरुद्धको हक (धारा २९), महिलाको हक (धारा ३८), बालबालिकाको हक ( धारा ३९), पीडितको हक (धारा २१) को व्यवस्था गरी हिंसा तथा अपराधबाट पीडित महिला, बालबालिका तथा व्यक्तिहरूको संरक्षणको अधिकार सुनिश्चित गरेको छ ।**

**समानताको हक** अन्तर्गत सारभूत समानता सुनिश्चित गर्न कानून बमोजिम सकारात्मक विभेदको सिद्धान्तका आधारमा विशेष व्यवस्था गर्न सक्ने अधिकार दिएको छ ।

**शोषण बिरुद्धको हक** अर्न्तगत संविधानल धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै व्यक्तिलाई शोषण गर्न नपाइने व्यवस्था सहित शोषण बिरुद्धको हक सुनिश्चित गरेको छ । कसैलाई पनि बेचविखन गर्न, दास बनाउन वा बाँधा बनाउन नपाउने, कसैलाई पनि निजको इच्छाबिरुद्ध काममा लगाउन नपाउने र सो कार्य कानून बमोजिम दण्डनिय हुने व्यवस्था गरेको छ ।

**अपराध पीडितको हक** अन्तर्गत अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक सुनिश्चित गरेको छ ।

महिला बिरुद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने व्यवस्था गरेको छ। यदि गरेमा त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितलाई कानून बमोजिम क्षतिपुर्ति पाउने हक हुने व्यवस्था गरेको छ । **बालबालिकाको हकमा** कुनै पनि बालबालिकालाई वाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने व्यवस्था गरेको छ। कुनै बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने व्यवस्था गरेको छ। यसका साथै संविधानले ती अधिकारको उल्लङ्घन भएमा उपचारको लागि सर्वोच्च अदालत जान पाउने अधिकार समेत सुनिश्चित गरि आफ्ना नागरिकलाई हिंसा सार्वजनिक वा नीजि जुनसुकै क्षेत्रमा, राज्य पक्ष वा ब्यक्ति वा कुनै समुहले गरेको भएपनि उक्त कार्य बिरुद्ध सशक्त रुपमा उभिन सक्ने अधिकार दिई आफ्नो

## लैङ्गिक हिंसा पीडितको मौलिक अधिकार

- हिंसा बिरुद्धको अधिकार
- क्षतिपूर्तिको अधिकार
- पीडकलाई कानून बमोजिम क्षतिपुर्ति सहितको पुनर्स्थापनाको अधिकार
- पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने अधिकार

नागरिकलाई संवैधानिक रुपमा नै सशक्त बनाएको छ। संविधानले सुनिश्चित गरेका हकहरू कार्यान्वयनका निमित्त संघीय सरकारले केही महत्वपूर्ण ऐनहरूको व्यवस्था गरेको छ जुन यस प्रकार छन्:

- बालबालिका सम्बन्धी ऐन, २०७५
- अपराध पीडित संरक्षण ऐन, २०७५
- मुलुकी फौजदारी (संहिता) , २०७४
- मुलुकी देवानी (संहिता) , २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय महिला आयोग ऐन,२०७४
- फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यन्वयन) सम्बन्धी ऐन, २०७४
- बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१
- जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- विद्युतीय इलेक्ट्रोनिक कारोबार ऐन, २०६३
- ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३

मुलुकी फौजदारी (संहिता) , २०७४ ले बालविवाह, बहुविवाह, जबरजस्ती करणी, बाल यौन दुरूपयोग, वैवाहिक बलात्कार घरेलु हिंसा जबरजस्ती गर्भपतन गराउने, लिङ्ग पहिचान गरी गर्भपतन गराउने, घरेलु हिंसा (घरेलु सम्बन्धभित्र भएका अपराध जस्तो अङ्गभङ्ग गरेको, तेजाब वा यस्तै प्रकारको अन्य पदार्थ छर्किई वा सो पदार्थले पोली, डामी, दली वा घसी जीउमा पीडा पुऱ्याएको, शरीरको कुनै अङ्ग कुरूप पारिदिने गरी भएको शारीरिक यातना, यौनजन्य यातना आदि), दाइजो सम्बन्धी अपराध, बोक्सी सम्बन्धी अपराध, एसिड आक्रमणको अपराध, विद्युतीय माध्यमबाट हुने हिंसा, मानव बेचविखन तथा ओसारपसार, सार्वजनिक ठाउँमा अभद्र व्यवहार, सार्वजनिक स्थानमा यौनाङ्ग देखाउने कार्य, सार्वजनिक स्थानमा यौन क्रिया सम्बन्धी कार्य, भिक्षा माग्न वा माग्न लगाउन कार्य, भेदभावपूर्ण व्यवहार लगायतका कार्यहरूलाई अपराध घोषित गरेको छ।

उल्लेखित ऐनहरू कार्यान्वयन गर्नका निमित्त आवश्यक निर्देशिका तथा रणनीतिहरू र कार्ययोजनाहरू पनि तर्जुमा भएका छन्, जुन निम्न बमोजिम रहेका छन्:

- पुनर्स्थापना कोष सञ्चालन निर्देशिका, २०७२
- एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड, २०७१
- मानव बेचबिखनबाट पीडितको पुनर्स्थापनाका निमित्त मानव बेचबिखन कोष तथा सञ्चालन निर्देशिका, २०७०
- मानव बेचबिखनविरुद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका, २०७०
- बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९
- पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८
- मानव बेचबिखन तथा ओसारपसार पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८
- मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको संरक्षण हेरचाहसम्बन्धी राष्ट्रिय मापदण्ड, २०६८
- लैङ्गिक हिंसा निवारण कोष, कोष परिचालनका निमित्त लैङ्गिक हिंसा निवारण कोष सञ्चालन नियमावली, २०६७ (शंसोधन)
- श्रमजीवी महिलाहरूप्रति डान्स रेष्टुरेन्ट, बारजस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५
- छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४
- बाल हेल्पलाइन सञ्चालन कार्यविधि, २०६४
- विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा गोपनीयता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका आदि।

# ५. लैङ्गिक हिंसा सम्बोधनसित सम्बन्धित कानुन कार्यान्वयन गर्ने संस्थागत संरचनाहरू

कानुनी तथा नीतिगत ब्यवस्थाका साथै कानुन कार्यान्वयन गर्ने निकायहरू (ल इन्फोंसिङ्ग एजेन्सिजहरू) को स्थापनामा पनि नेपालले महत्वपूर्ण उपलब्धी हासिल गरेको छ। कानुन कार्यान्वयन गर्ने संरचनाहरूलाई मुलभूत रूपमा तीन तहमा वर्गीकरण गरेता पनि जिल्ला तहमा पनि केही संरचनाहरू विद्यमान छन्, जुन निम्न बमोजिम छन्:

## ५.१ संघमा रहेका र व्यवस्थापन गर्नुपर्ने लैङ्गिक हिंसासँग सम्बन्धित संरचना

संघीय तहमा लैङ्गिक हिंसा सम्बोधन गर्ने कार्यपालिकिय निकायका रुपमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय रहेको छ। यस मन्त्रालय अन्तर्गत लैङ्गिक सशक्तीकरण महाशाखा, मानव वेचविखन तथा ओसार पसार नियन्त्रण शाखा, लैङ्गिक हिंसा निवारण शाखा, वाल संरक्षण तथा विकास शाखा, लैङ्गिक हिंसाको अन्त्य तथा लैङ्गिक सशक्तीकरण केन्द्रीय समन्वय समिति, विज्ञ सल्लाहकार समुह, समन्वय आदि रहेका छन्। त्यसैगरी नेपाल सरकारले हिसा पीडित महिला तथा किशोरीहरुको सुरक्षित रुपमा पुनर्स्थापना गर्न राष्ट्रिय स्तरको मंगला साहना दीर्घकालीन पुनर्स्थापना केन्द्र स्थापना समेत गरेको छ। यी बाहेक नेपाल सरकारले विभिन्न मन्त्रालयहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण इकाई स्थापना गर्ने वा फोकल पर्सनहरू तोक्ने कार्य पनि प्राथमिकतामा राख्दै आएको पाइन्छ। त्यसैगरि अर्थ मन्त्रालयमा लैङ्गिक वजेट इकाइ पनि स्थापना गरेको पाईन्छ।

यसका अतिरिक्त न्याय तथा सुरक्षासँग सम्बन्धित निकायहरू अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, नेपाल प्रहरी, गृह मन्त्रालय, महान्यायधिवक्ताको कार्यालय रहेका छन्। नेपाल सरकारले "केन्द्रिय कानुनी सहायता समिति"को पनि स्थापना गरेको पाइन्छ। न्यायपालिका अन्तर्गत सर्बोच्च अदालत पनि संघमा नै रहेको छ। सर्बोच्च अदालतमा न्यायमा पहुँच आयोग, मेलमिलाप परिषद, राहत कोष सचिवालय, वैतनिक वकिल आदि समेत विद्यमान छन्। त्यसैगरी, संघीय संसद अन्तर्गत प्रतिनिधि सभामा महिला तथा सामाजिक मामला समिति, कानून, न्याय तथा मानव अधिकार समिति लगायतका समितिहरू रहेका छन्। संघीय तहमा विभिन्न संवैधानिक आयोगहरू स्थापना भई क्रियाशिल छन् जस्तो राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानव अधिकार आयोग आदि।

माथि उल्लेखित संरचनाहरू बाहेक विभिन्न संघीय ऐनहरूले लैङ्गिक हिंसा सम्बोधन गर्न विभिन्न विशिष्टिकृत संरचनाहरूको परिकल्पना गरेको छ, जुन संरचनाहरू लैङ्गिक हिंसावाट पिडितको अधिकार सम्बोधन गर्न (respond to rights of victim/survivors) संग सम्बन्धित देखिन्छ।

- पुनर्स्थापना कोष,
- सेवा कोष,
- वाल कोष,
- राहत कोष,
- लैङ्गिक हिंसा निवारण कोष
- पुनर्स्थापना केन्द्र,
- सेवा केन्द्र,
- वाल गृह

माथि उल्लेखित संरचनाहरू मध्ये सेवा कोष र सो अन्तर्गत स्थापना हुनपर्ने सेवा केन्द्र बाहेक संघीय तहमा अन्य संरचनाहरू स्थापना भएको पाइन्छ।

जिल्लास्थित कार्यालयहरू: मुलुक एकात्मक राज्य प्रणालीबाट संघीय राज्य संरचनामा रुपान्तर भएको अवस्थामा पनि कतिपय संरचनाहरू जस्तो: न्यायपालिका एकिकृत प्रकृतिको रहेको हुनाले जिल्ला अदालत, जिल्ला सरकारी वकिल कार्यालय, जिल्ला कानूनी सहायता समिति, ७७ वटै

जिल्लामा गरी ९४ वटा अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र, रहेका छन्[६] भने जिल्ला प्रहरी कार्यालय अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र जिल्लामा रहेका छन् ।[७] त्यसैगरी लैङ्गिक हिंसा पीडितको सुरक्षित आवासका निमित्त सरकारी तथा गैरसरकारी निकायको पहलमा जम्मा ५३ वटा सेफ हाउस/सेल्टर होम सञ्चालनमा रहेको पाइन्छ । त्यसमध्ये २३ वटा बागमति प्रदेशका विभिन्न जिल्लामा सञ्चालित छन् भने २ वटा कर्णाली, ६ वटा गण्डकी, ४ वटा मधेश, ६ वटा कोशी, ७ वटा लुम्बिनी तथा ५ वटा सुदुर पश्चिमका विभिन्न जिल्लामा सञ्चालनमा रहेका छन ।[८] महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सहयोग र समन्वयमा र गैरसरकारी संघसंस्थाको सञ्चालनमा झापा, पर्सा, चितवन, काठमाण्डौ, सिन्धुपाल्चोक, रुपन्देही, बाँके, कास्की, सुर्खे र कैलाली गरी १० जिल्लामा पुनर्स्थापना केन्द्र[९] स्थापना भई सञ्चालनमा रहेको पाइन्छ ।

## ५.२ प्रदेश सरकारमा विद्यमान र व्यवस्थापन गर्नुपर्ने लैङ्गिक हिंसासँग सम्बन्धित संरचना

प्रदेश सरकार अन्तर्गत विभिन्न प्रदेशमा सामाजिक विकास मन्त्रालयहरू क्रियाशिल छन् (कतिपय प्रदेशमा नाम फरक फरक पनि रहेका छन्) । मुख्य न्यायधिवक्ताको कार्यालय, प्रदेश नीति तथा योजना आयोगहरू पनि गठन भएको अवस्था छ । साथै, प्रदेशमा उच्च अदालत, उच्च सरकारी वकिलको कार्यालय, नेपाल प्रहरीको प्रदेश कार्यालय, मानव अधिकार आयोगका प्रदेश कार्यालयहरू रहेका छन् । प्रदेश सभाका विभिन्न समितिहरू मध्ये महिला तथा सामाजिक मामिला समिति पनि क्रियाशिल छन् । संघीय सरकारलाई जस्तै प्रदेश सरकारलाई पनि विभिन्न संघीय ऐनहरूले लैङ्गिक हिंसा सम्बोधन गर्न विभिन्न विशिष्टिकृत संरचनाहरूको परिकल्पना गरको छ, जुन संरचनाहरू लैङ्गिक हिंसावाट पिडितको अधिकार सम्बोधन गर्न (respond to rights of victim/survivors) सँग सम्बन्धित देखिन्छ, जुन निम्न रहेका छन्:

- प्रदेश पुनर्स्थापना कोष
- प्रदेश सेवा कोष
- प्रदेश वाल कोष
- लैङ्गिक हिंसा निवारण कोष
- सेवा केन्द्र, पुनर्स्थापना केन्द्र
- प्रदेश सेवा केन्द्र आदि ।

तर संघीय कानुनले परिकल्पना गरेका उल्लेखित संस्थागत संरचनाहरू प्रदेशमा स्थापना भएको र सोका निमित्त आवश्यक कानूनी पूर्वाधारहरू तयार भएको पाईदैन ।

## ५.३ स्थानीय तहमा रहेका र व्यवस्थापन गर्नुपर्ने लैङ्गिक हिंसा सम्बोधनसित सम्बन्धित संस्थागत संरचना

विभिन्न संघीय ऐनहरूले लैङ्गिक हिंसा सम्बोधन गर्न स्थानीय तहमा विभिन्न संस्थागत संरचना रहने व्यवस्था गरेको छ । त्यसमध्ये केही महत्वपूर्ण संस्थागत संरचना निम्न छन:

6. एकद्वार संकट व्यवस्थापन केन्द्र कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८०/८१ Romeextension://efaidnbmnnnibpcajpcglclefindmkaj/https://mohp.gov.np/uploads/Resources/OCMC%20budget%20guideline.pdf, access on 6 March 2024

7. जिल्लामा अवस्थित सेवा केन्द्र सहित जम्मा २३३ वटा केन्द्रहरू सञ्चालनमा रहेका छन्स महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय, https://cid.nepalpolice.gov.np/cid-wings/women-children-and-senior-citizen-service-directorate/ access on 6 March 2024

8. Detail Mapping of Women's Shelters with Particular Focus on Effective Referal Mechanism for Gender Based Violence Survivors, Sathi Organization, August 2021, chrome-extension://efaidnbmnnnibpcajpcglclefindmkaj/https://saathi.org.np/wp-content/uploads/2023/02/Detailed-mapping-of-Women-Shelters.pdf Access on 6th March 2023

9. मानव बेचविखन तथा ओसार पसार नियन्त्रण, राष्ट्रिय प्रतिवेदन, २०७९, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, काठमाण्डौं, नेपाल, chrome-extension://efaidnbmnnnibpcajpcglclefindmkaj/https://mowcsc.gov.np/downloadfiles/TIP-Report___-for-web-1705914824.pdf, access on 6th March 2024

| लैङ्गिक हिंसा सम्बोधन गर्न स्थानीय तहले व्यवस्थापन गर्नुपर्ने मानव स्रोत र संस्थागत संरचना | | |
|---|---|---|
| बालबालिका सम्बन्धी ऐन, २०७५ (खण्ड- १६) | दफा ६० | ▪ गाउँ कार्यपालिका वा नगर पालिकाको सदस्यको अध्यक्षतामा स्थानीय बाल अधिकार समिति स्थापना। |
| | दफा ६१ | ▪ बालकल्याण अधिकारी नियुक्ति गर्ने। |
| | दफा ६२ | ▪ आवश्यकता अनुसार समाजसेवी तथा बाल मनोविज्ञ नियुक्त गर्न सक्ने। |
| | दफा ६३ | ▪ स्थानीय बालकोष स्थापना गर्ने। |
| स्थानीय सरकार संचालन ऐन, २०७४ (खण्ड- १७) | दफा ४६ | ▪ न्यायिक समितिको स्थापना। |
| | दफा ४९ | ▪ मेलमिलाप केन्द्र स्थापना। |
| | | ▪ मेलमिलापकर्ता सुचिकृत गर्ने। |
| घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ (खण्ड- १६) | दफा ११. | ▪ पीडितलाई तत्काल सुरक्षा तथा अन्य सेवा प्रदान गर्न सेवा केन्द्र स्थापना गर्न सक्ने। |
| | दफा १२. | ▪ घरेलु हिंसा पीडितका निमित्त सेवा कोष स्थापना गर्न सक्ने। |
| मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ (खण्ड- १६) | दफा १३. | ▪ मानव बेचबिखन तथा ओसारपसार पीडित पुनर्स्थापना केन्द्र स्थापना गर्न सक्ने। |
| | दफा १४. | ▪ पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनको लागि पुनर्स्थापना कोष स्थापना गर्न सक्ने |
| जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ | दफा १५ | ▪ स्थानीय ज्येष्ठ नागरिक समितिको गठन गर्ने। |
| | दफा २०क. | ▪ ज्येष्ठ नागरिक सेवा केन्द्र स्थापना र. संचालन गर्ने। |
| अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ (खण्ड- १६) | दफा ४२ | ▪ अपाङ्गता भएका व्यक्तिको हक हित संरक्षणको लागि समन्वय समिति गठन गर्न सक्ने । |
| | दफा ५८ | ▪ संरक्षण अधिकृत तोक्न सक्ने। |
| लैङ्गिक हिंसा निवारण कोष नियमावली, | | ▪ कोषको स्थापना गर्ने। |

## ६. लैङ्गिक हिंसा सम्बोधन गर्ने विशिष्टिकृत कोषहरुको उद्देश्य

नेपालले लैङ्गिक हिंसा सम्बोधन गर्न विभिन्न ऐनहरू, नियमावलीहरू मार्फत विभिन्न कोषहरू तथा सेवा केन्द्रहरू, पुनर्स्थापना केन्द्र, बालगृहहरू स्थापना गर्ने जिम्मेवारी तीनै तहको सरकारलाई दिएको छ । यसको अर्थ महिला विरुद्ध हुने लैङ्गिक हिंसाबाट पीडित व्यक्तिहरूको मानव अधिकार प्रत्याभूत गर्ने दायित्व र जिम्मेवारी तीनै तहको सरकारलाई दिएको छ । यो आफैमा अत्यन्त महत्वपुर्ण प्रस्थानविन्दु हो ।

ती कोषहरू मध्ये सेवा कोषको उद्देश्य घरेलु हिंसावाट पीडित तथा प्रभावितहरुको पुनर्स्थापनाका निमित्त सञ्चालन गरिने सेवा केन्द्रलाई सहयोग गर्ने र सो केन्द्र मार्फत पीडित तथा प्रभावितहरूलाई आवश्यक पर्ने कानूनी, सामाजिक मनोविमर्श, आर्थिक, यातायात, उद्दार, अन्तरिम राहत, क्षतिपूर्ति आदि कार्यमा सहयोग गर्ने रहेको छ ।

पुनर्स्थापना कोषको उद्देश्य मानव बेचविखन तथा ओसार पसारवाट पीडित तथा प्रभावितका निमित्त औषधिउपचार र परामर्श सेवा तथा सुविधाको व्यवस्था गर्ने, पुनर्स्थापना केन्द्रको व्यवस्थापन, सञ्चालन मापदण्ड, अनुगमन, पीडितको लागि सीपमूलक तालिम तथा रोजगारी, पुनर्स्थापना, पारिवारिक पुनर्मिलन सम्बन्धी कार्य गर्ने रहेको छ । त्यसैगरी बालकोषको उद्देश्य विशेष संरक्षणको आवश्यकता परेका बालबालिकाको उद्धार गर्ने र ती बालबालिकालाई राहत दिने तथा पुनर्स्थापना गर्ने, समितिबाट स्वीकृत कार्यक्रम सञ्चालन गर्ने, बालबालिकाको हकहित सम्बन्धमा अन्य काम गर्ने गराउने रहेको छ ।

लैङ्गिक हिंसा निवारण कोषको प्रयोग पीडितको तत्काल उद्धार गर्ने, औषधिउपचार गर्ने, राहत प्रदान गर्ने तथा आर्थिक सहयोग गर्ने, कुनै व्यवसाय वा स्वरोजगार गर्नका लागि बीउपूँजीको रुपमा प्रदान गर्ने, पुनर्स्थापना गर्ने, लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसूरबाट पीडितको प्रचलित कानुन बमोजिम कसूरबाट प्राप्त गर्नुपर्ने क्षतिपुर्ति त्यस्तो कसूरदारको कूनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्तिस्वरुप भराउन लेखिआएमा त्यस्तो क्षतिपुर्ति दिन तथा पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्ने, साथै हिंसाबाट पीडित बालबालिका तथा किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्ने व्यवस्था गरिएको छ ।

राहत कोष मार्फत पीडितलाई अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति उपलब्ध गराउने, पीडितलाई कोषबाट प्रदान गरिने अन्तरिम क्षतिपूर्ति, राहत वा क्षतिपूर्ति उपलब्ध गराउन जिल्ला अदालतको नाममा रकम निकासा गर्ने लगायतको व्यवस्था गरिएको छ ।

## ७. स्थानीय तहमा कोषहरुको कार्यान्वयनको अवस्था र परिणाम


संघीय व्यवस्था लागू भएपछि घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, बालबालिका सम्बन्धी ऐन, २०७५ ले क्रमश: सेवा कोष, पुर्नस्थापना कोष र बाल कोष स्थापना गर्न स्थानीय सरकारहरूले तत् विषयमा स्थानीय तहले स्थानीय तहको कानून तथा श्रोत परिचालन मार्फत स्थानीय तहमा ती कोषहरू सञ्चालन गर्न सक्ने कानूनी व्यवस्था गरेको छ । तर हालसम्म कुनै पनि स्थानीय सरकारले उल्लेखित कानूनले तोकेको जिम्मेवारी अन्तर्गत रही कानून निर्माण गर्ने तथा सो बमोजिम कोष सञ्चालनमा ल्याएको देखिदैन । पीडित राहत कोषको सन्दर्भमा फौजदारी कसूर (पीडित राहतकोष) नियमावली, २०७७ निर्माण गरेको छ, । त्यसको अधीनमा रही जिल्ला अदालतमा राहत कोष सम्बन्धी छुट्टै बैंकखाता खोलि रकम विनियोजन गर्ने व्यवस्था गरेको छ । त्यसैगरी नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले लैङ्गिक हिंसा निवारण कोष

निमावली, मार्फत लैङ्गिक हिंसा निवारण कोषको स्थापना गरेको छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको नेतृत्वमा लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ को दोस्रो संशोधन, २०७६ मार्फत स्थानीय तहमा लैङ्गिक हिंसा निवारण सम्बन्धी कोष स्थापना गरी सञ्चालनमा गर्ने प्रयास भएको देखिन्छ । यसका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रम मार्फत स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोष सञ्चालन सहजीकरण गर्न एक पटकका लागि प्रत्येक पालिकालाई एक एक लाख रुपैया प्रदान गरेको थियो। यसैका आधारमा कतिपय पालिकाले लैङ्गिक हिंसा निवारण कोष कार्यविधि वनाई कोष स्थापना गरेको पाइन्छ। सन् २०२२ डिसेम्वर सम्ममा जम्मा ११५ पालिकामा यो कोष सञ्चालनमा रहेको छ -। साथै यो नियमावली आफैमा संघीय राज्य व्यवस्थाको मर्म अनुरुप छ छैन भन्ने प्रश्न पनि उठ्ने गरेको पाईन्छ । राहतकोषको सन्दर्भमा राहतकोष नियमावली निर्माण गरेको छ, र त्यसको अधिनमा रही जिल्ला अदालतमा राहत कोष सम्बन्धी छुट्टै बैंकखाता खोलि रकम विनियोजन गर्ने व्यवस्था गरेको छ।

माथि उल्लेखित कोषहरूको समग्र उद्देश्य सम्बन्धित पीडित तथा प्रभावितहरुको उद्दार गर्ने, उनीहरूको आधारभूत मानव अधिकार सुनिश्चित तथा तत्कालिन आवश्यकता पूरा गर्ने आदि लगायतको कार्य गरी हिंसा तथा अपराध पीडितहरूको न्याय सुनिश्चित गर्नु हो। **तर यी कोषहरूनै रहेन वा प्रभावकारी भएन भने कसरी सेवा प्रवाह सुनिश्चित गर्ने ?** सेवा नै नभएपछि न्याय सुनिश्चितता सम्भव हुँदैन। न्यायनै नभएपछि समाज क्रियाशिल, गतिशिल र सुरक्षित हुन सक्दैन।

परिणामत: नेपालले कानून बनाउँछ तर लागु गर्दैन भन्ने मान्यता संस्थागत हुन गईरहेको छ, जस्ले कानूनको शासनलाई नै चुनौती दिईरहेको छ। अर्कोतिर कानूनले सेवा प्रवाहका निमित्त आवश्यक ठानी निर्माण गरिएका संरचनाहरूको अभावले पीडितको न्यायमा पहुँचको सवाल र उनीहरूको आधारभूत आवश्यकता र न्यायको सवालमा जटिलता उत्पन्न भई अन्यायको गोलचक्रमा पीडितहरू घुमिरहेको अवस्था छ।

## लैङ्गिक हिंसा सम्बोधन सम्बन्धी संरचनाको अभावमा सृजना हुने अवस्था



## ८. सुझावहरू

नेपालको कानूनले लैङ्गिक हिंसा सम्बोधन गर्नका निमित्त विभिन्न सरोकारवालाहरू, न्यायिक निकायहरू, नागरिक समाज लैङ्गिक हिंसा सम्बोधनका निमित्त नेपालमा सहयोग गर्न चाहने र गरिरहेका दातृ निकाय, अन्तर्राष्ट्रिय संघ संस्था, युएन एजेन्सिहरूलाई लैङ्गिक हिंसापीडितको अधिकार सुनिश्चित गर्न संस्थागत संरचनाको व्यवस्था, मानव स्रोत साधन तथा सेवा प्रवाहका लागि आवश्यक स्रोतहरू परिचालन गर्न मार्गनिर्देशन गर्दछ, अत: उक्त वैधानिक आधार र वर्तमान कानुनको परिधिभित्र (स्कोप) भित्र रहि निम्न सुझावहरू प्रस्तुत गरिएको छ, जसले न्यायमा पहुँच सुनिश्चितताका निमित्त आवश्यक तीनवटा पूर्वशर्तहरू जस्तो न्याय तथा सेवा प्रदान गर्ने निकायहरूको उपलब्धता, उनीहरूको न्याय प्रदान गर्न सक्ने क्षमता तथा पीडित तथा प्रभावितको न्याय माग्न सक्ने क्षमता अभिवृद्धिमा मद्दत गर्दछ:

- स्थानीय तथा प्रदेश तहमा कोषहरूको स्थापना गर्न कानूनी पूर्वाधार तयार गर्ने
    - संघीय कानून बमोजिम सेवा कोष, बाल कोष, पुनर्स्थापना कोष तथा लैङ्गिक हिंसा निवारण कोष स्थापना गर्न आवश्यक प्रदेश तथा स्थानीय सरकारले आवश्यक कानून निर्माण गर्ने ।
    - स्थानीय कानून बमोजिम स्थानीय सरकारले कोषहरू स्थापना गर्ने ।
- स्थानीय तहमा मानवीयता र मानव अधिकारको आधार भूत मान्यता र पीडितलाई केन्द्रमा राखि आधारभूत संरचनाहरूको स्थापना गरी पीडितलाई दिने सेवा प्रवाहलाई वलियो बनाउने
    - लैङ्गिक हिंसा सम्बोधनका निमित्त कानुनले परिकल्पना गरेका आधारभूत संरचनाहरू जस्तो स्थानीय तहमा गाउँ कार्यपालिका वा नगर पालिकाको सदस्यको अध्यक्षतामा स्थानीय बाल अधिकार समिति गठन गर्ने, बालकल्याण अधिकारी नियुक्त गर्ने । आवश्यकता अनुसार समाजसेवी तथा बाल मनोविज्ञ नियुक्त गर्ने ।
    - स्थानीय ज्येष्ठ नागरिक समितिको गठन गर्ने, ज्येष्ठ नागरिक सेवा केन्द्र स्थापना र. संचालन गर्ने,
    - अपाङ्गता भएका व्यक्तिको हक हित संरक्षणको लागि समन्वय समिति गठन गर्ने, संरक्षण अधिकृत तोक्ने,
    - कानूनी सहायता सम्बन्धी व्यवस्था गर्ने,
    - घरेलु हिंसा पीडितलाई लक्षित गरी स्थानीय तहमा सेवा कोष तथा सेवा केन्द्रको स्थापनामानव वेचविखन तथा ओसार पसार पीडितको हकमा स्थानीय तहमा पुनर्स्थापना कोष तथा पुनर्स्थापना केन्द्र स्थापना गर्ने, मेलमिलाप केन्द्रहरू स्थापना गर्ने, मेलमिलापकर्ता सूचिकृत गर्ने,
    - स्वास्थ्य केन्द्रहरू प्रभावकारी बनाउने,
    - मनोसामाजिक विमर्शकर्ताहरू नियुक्त गर्ने आदि ।
- सेवा प्रदायकहरूको क्षमता अभिवृद्धि गर्ने तथा आवश्यक भौत्तिक पुर्वाधार निर्माण गर्ने
    - कुनै पनि संस्थागत संरचनाको स्थापना गर्नुमात्र पर्याप्त हुँदैन । ति निकाय तथा मानव स्रोतको क्षमता अभिवृद्धि पनि उत्तिकै महत्वपुर्ण छ । क्षमता अभिवृद्धि भनेको निश्चित अधिकारीहरुलाई तालिम वा ज्ञान प्रदान गर्नु पर्याप्त हुँदैन । ज्ञानको परिचालना तथा प्रयोगका निमित्त सीप र औजारको पनि आवश्यक हुन्छ । जस्तो संरक्षण अधिकृत आदि । न्यायिक निकायहरुलाई तालिम त दिईयो, तर त्यसले प्रवाह गर्ने सेवाका निमित्त कुनै पूर्वाधार भएन भने त्यो अपूर्ण भयो । अत: त्यसका निमित्त आवश्यक भौत्तिक पूर्वाधार तयार गर्ने ।

- लगानी अभिवृद्धि गर्ने
  - माथि उल्लेखित सबै कार्य गर्न संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले लगानी अभिवृद्धि गर्नु आवश्यक छ। यसका निमित्त लैङ्गिक उत्तरदायी वजेटको अभ्यासलाई मजवूत बनाउने।
  - राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायहरू, विदेशी सहयोग नियोगहरू, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायहरू, युएन एजेन्सीहरू आदि सित समन्वय र सहकार्य गर्ने।
  - देशभित्रकै निजी क्षेत्रसित समन्वय र सहकार्य गरि सिएसआर फण्डलाई लैङ्गिक हिंसा सम्बोधन गर्न सहयोग अभिवृद्धि गर्न सहकार्य गर्ने।
- नागरिक समाज तथा प्राज्ञको संलग्नता वृद्धि गर्ने
  - कानून निर्माण र कानून कार्यान्वयनका निमित्त तीनै तहको नागरिक समाज तथा प्राज्ञ, नीति विश्लेषकहरूले पैरवी गर्ने, अध्ययन अनुसन्धान तथा सामाजिक अभियानहरूलाई वलियो बनाई नीति निर्माताहरूसँग निरन्तर नीतिगत संवाद र पैरवीमा रहने। यसका लागि नागरिक अभियान र स्थान (सिभिक स्पेस) वलियो वनाउने।
- स्थानीय सभा सदस्यहरू प्रदेश सभा र संघीय सांसदहरूको भूमिका
  - लैङ्गिक उत्तरदायी संसदीय निगरानीको अभ्यासलाई मजवूत बनाउने र यो अभ्यास प्रदेश सभा र स्थानीय सभामा समेत संस्थागत गर्ने । यसका निमित्त समितिहरूको भुमिका र जिम्मेवारीलाई मजवुत बनाउने।
- लेजिस्लेटिभ स्क्रुटिनीको अभ्यास मजवूत गर्ने
  - नयाँ कानून निर्माणको आवश्यकता किन, यसले कस्ता सवालहरूलाई सम्बोधन गर्दछ, किन गर्दछ भन्ने विषय तथा भएका कानून कार्यान्वयनका सकारात्मक पक्ष कुन हो,यसको सकारात्मक योगदान के रह्यो, कुन कानूनी व्यवस्था लागु हुन सकेन, किन हुन सकेन, विद्यमान कानूनको कुनै व्यवस्थाका कारण समाजमा नकारात्मक असर पो परिरहेको छ कि आदि इत्यादि विषयमा भिनष्कबितष्खभ कअचगतष्लथ अभ्यासको शुरुवात गर्ने र वलियो वनाउने।

# महिला बिरुद्धको लैङ्गिक हिंसा सम्बोधन गर्न लगानी किन ?

पहिलो, कुनै पनि समस्यालाई सम्बोधन गर्न, समाधान गर्न स्रोत र साधनको विनियोजन सरकार तथा निजि संस्थाहरूले गर्नु भनेको उनीहरुको राजनीतिक इच्छाशक्ति र प्रतिवद्धता जाहेर हुनु हो । कुनै पनि समस्या समाधानका लागि प्रस्थान विन्दु भनेकै हरेक व्यक्ति, निकायको त्यस सवाल सम्वोधन गर्ने दृढ इच्छाशक्ति हो ।

दोस्रो, श्रोत र साधनको अभावका कारणले पर्याप्त मात्रामा निरोधात्मक अर्थात हिंसा रोक्ने पर्याप्त उपायहरू अवलम्बन गर्न सकिरहेको छैन । निरोधात्मक उपाय भनेको मात्र सचेतना वृद्धि गर्न केहि र्‍यालि जुलुस निकाल्ने वा सञ्चार माध्यममा केहि प्रचार प्रसार गर्ने मात्र होईन, त्यो पनि आवश्यक छ। महत्वपूर्ण विषय असमानता र विभेदको खाडल कम गरी सारभूत समानता र अविभेदको अवस्था कसरी सृजना गर्ने भन्ने हो, यसका निमित्त आर्थिक अवसर, शिक्षा, स्वास्थ्य, सम्पुर्ण मानव अधिकारको प्रत्याभूतिमा जोड दिन आवश्यक हुन्छ। यसका निमित्त लगानी चाहिन्छ। लगानी भएन भने यो सम्भव छैन ।

तेस्रो, हिंसा पीडित तथा प्रभावितको निमित्त तत्काल चाहिने आधारभूत आवश्यकता र न्याय सुनिश्चित गर्न आवश्यक पूर्वाधार निर्माण र मानवस्रोत परिचालनका निमित्त पनि श्रोत र लगानी चाहिन्छ ।

चौथो, न्यायमा पहुँच सुनिश्चित गर्न तीनवटा विषयहरु सुनिश्चित हुन आवश्यक छ, पीडितको न्याय माग्न सक्ने क्षमता, न्याय प्रदान गर्ने निकायको न्याय प्रदान गर्ने क्षमता, र ती सेवाको उपलब्धता, यी विषयहरु सुनिश्चित गर्न पनि स्रोत चाहिन्छ ।

पाँचौ, हिंसा अन्तरपुस्ता अन्याय, गरिवी, अविकास र मानव अधिकार उल्लंघनसित सम्बन्धित विषयवस्तु हो । यदि हामिले अहिले हिंसा अन्त्यका निमित्त पर्याप्त लगानी गर्न सकेनौ भने अर्को पुस्तालाई पनि हामि, हिंसा, असमानता, शोषण, अविकास र मानव अधिकार उल्लघनको चक्रिय प्रणालीलाई हस्तान्तरण गर्छौं र यो चक्रलाई तोड्न सक्दैनौ, अतः यो चक्र तोड्न पनि लगानी आवश्यक छ ।

छैठौ, वहुलवादी समाजमा राज्यको हस्तक्षेपले मात्र सबै समस्या समाधान गर्न सम्भव छैन, र सरकारको त्यो अनुसारको पर्याप्त क्षमता पनि छैन। यसका निमित्त विभिन्न तहको सरकारले निजि क्षेत्र , नागरिक संघसंस्थासँग समन्वय, सहकार्य र सहअस्तित्वको आधारमा काम नगर्नुको विकल्प छैन । अफ्र, मानव अधिकारको संरक्षण, प्रवर्द्धन र परिपूर्तिका निमित्त सरकारलाई जवाफदेहि बनाउन, सरकारको कार्यलाई पारदर्शि र नागरिकको पक्षपाती बनाउनका निमित्त वलियो नागरिक समाज, उनीहरूले सञ्चालन गर्ने अभियान, प्रदान गर्ने नीतिगत विकल्प सरकारका निमित्त पनि उत्तिकै महत्वपूर्ण छ । यी सबै कार्यहरूको निरन्तरता र गतिशिलताका निमित्त निश्चितै रुपमा श्रोत र साधन आवश्यक छ। श्रोत र साधनको अभावमा नागरिक समाज र संघसंस्थाले यी कार्यहरू गर्न सक्दैन ।

सातौं, नीतिगत प्रमाणमा आधारित पैरवीका निमित्त अध्ययन अनुसन्धानमा लगानी पनि उत्तिकै आवश्यक छ ।

## हाम्रो बारेमा

एक्सनएड गरिबी तथा अन्याय विरूद्धको विश्वव्यापी अभियानमा संलग्न मानव अधिकारमूखी विकास र सामाजिक न्यायको अवधारणालाई अवलम्बन गर्दै ४५ राष्ट्रमा कार्यरत अन्तर्राष्ट्रिय गैर सरकारी निकाय हो। एक्सनएड विश्वव्यापी महासंघ हो र एक्सनएड अन्तर्राष्ट्रिय नेपाल उक्त महासंघको सदस्य हो। सन् १९८२ देखी एक्सन एक्सनएड अन्तर्राष्ट्रिय नेपालले नेपालका विभिन्न क्षेत्रमा मानवअधिकार केन्द्रित, सामाजिक न्यायमा आधारित नारीवादी संस्थाको रूपमा स्थानीय, राष्ट्रिय, र अन्तर्राष्ट्रिय स्तरमा सामाजिक अभियान र वकालतका कार्यहरू गर्दै आएको छ। एक्सनएड अन्तर्राष्ट्रिय नेपाल गरिब तथा पछाडि पारिएका समुदायको श्रोत र साधनमाथि पहुँच, नियन्त्रण तथा अधिकार हुनुपर्छ र सबैले विना भेदभाव सम्मानजनक जीवन बाँच्न पाउनु पर्दछ भन्ने कुरामा विश्वास राख्दछ। गरिबी र संरचनात्मक असमानताका कारणहरूको पहिचान र विश्लेषण गर्दै न्यायोचित समाज निर्माणका लागि एक्सनएड नेपाल विगत ४२ वर्ष देखि नेपालमा कार्यरत छ।

*लिङ्ग, लैङ्गिकता, यौनिकता, जाति, जातियता, वर्ग, धर्म, भाषाको आधारमा*

*हुने कुनै पनि प्रकारको हिंसा तथा यौन दुर्व्यहार विरुद्ध संयुक्तरूपमा आवाज उठाऔं।*

**COUNTRY OFFICE**

Apsara Marga, Lazimpat
Ward No. 3, Kathmandu, Nepal

P.O. Box. 6257

Tel.: +977(0)1 400 2177

Email: mail.nepal@actionaid.org

Website: nepal.actionaid.org

facebook.com/actionaid.nep

twitter.com/@actionaidnep

instagram.com/actionaidnepal

youtube.com/c/actionaidnepal1982